# राष्ट्रिय जनगणना २०७८ मा प्रयोग गरिने प्रश्नावली सम्बन्धमा जारी गरिएको प्रेस विज्ञप्ती

राष्ट्रिय जनगणना २०७८ मा प्रत्येक व्यक्ति तथा घरपरिवारबाट विवरण संकलन गर्न प्रयोग गरिने घर तथा घरपरिवार सूचीकरण र मुख्य प्रश्नावली प्रधानमन्त्रि तथा मन्त्रीपरिषद्को कार्यालयले मिति २०७७/४/२६ गते स्वीकृत गरेको प्रश्नावली मिति २०७७/५/१५ गते आम सर्वसाधारण तथा सरोकारवाला जो कोहीको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशन गरेको छ । यस अगावै राष्ट्रिय जनगणना निर्देशक समितिले प्रत्येक वडा कार्यालयबाट संकलन गरिने विवरणको लागि सामुदायिक प्रश्नावली मिति २०७७/३/४ गते स्वीकृत गरिसकको छ ।

पहिलो प्रश्नावली सुपरिवेक्षकद्वारा **घर तथा घरपरिवार सूचीकरण** मार्फत प्रत्येक घर तथा घरपरिवारमा पुगी सम्पुर्ण घरको प्रयोग सहित संख्या, घरको तला, परिवारको बैंक खाता र ऋणमा पहुँच, सरकारी अनुदानमा बनेका घर, व्यवसायिक तथा प्राविधिक शिक्षा वा तालिम, परिवारमा अक्सर बसोवास गरेका परिवारका सदस्य (महिला, पुरुष र अन्य लिंगी) संख्या र परिवारको कृषि सम्बन्धी लगायत विवरणहरू संकलन गरिन्छ ।

दोस्रो प्रश्नावली गणकहरूद्वारा प्रत्येक घरपरिवारमा पुगी **मुख्य प्रश्नावली** मार्फत पारिवारिक विवरण र व्यक्तिगत विवरणहरु संकलन गरिनेछ । पारिवारिक विवरणमा घरको स्वामित्व, घरको संरचना, खानेपानी, शौचालय, बत्तीको स्रोत, खानापकाउने इन्धन, मृत्युसम्बन्धी, परिवारमा अनुपस्थित विदेश गएका, महिलाको नाममा घरजग्गा तथा साना घरेलु व्यवसाय तथा अन्य घरायसी साधन र सुविधाहरु आदि संकलन गरिन्छ । त्यसैगरी व्यक्तिगत विवरणमा: घरपरिवारका सदस्य तथा व्यक्तिको लिङ्ग, उमेर, जातजाति, भाषा, धर्म, वैवाहिक स्थिति, बालबालिका, अपांगता, बसाईसराई, शिक्षा, महिलाको प्रजनन, आर्थिक क्रियाकलाप लगायतका विवरणहरू संकलन गरिन्छ ।

घर तथा घरपरिवार सूचीकरण वि.स. २०७८ साल बैशाख २६ देखि जेष्ठ १४ सम्म (बीस दिन) र मुख्य प्रश्नावली वि.सं. २०७८ साल जेष्ठ २५ देखि २०७८ असाढ ८ सम्म (पन्ध्र दिन) भरिन्छ ।

तेस्रो प्रश्नावली सुपरिवेक्षकबाट प्रत्येक स्थानीय तहका सबै वडा कार्यालयबाट **सामुदायिक प्रश्नावली** मार्फत वडास्तरको आधारभूत स्रोत, साधन, क्षमता र पूर्वाधार सम्बन्धी विवरणहरू समेत संकलन गरिनेछ । यो प्रश्नावली सुपरिवेक्षकमार्फत गणकले मुख्य प्रश्नावलीका विवरण संकलन गरिरहेकै समयमा वडा कार्यालयहरुबाट संकलन गर्दछन् ।

प्रश्नावली निर्माण गर्दा केन्द्रीय तथ्यांक विभागले जनसंख्या लगायत विभिन्न क्षेत्रका विज्ञ, संघ, प्रदेश र स्थानीय तहबाट मस्यौदा प्रश्नावलीमा सुझावहरु संकलन, प्रदेश सरकारसँग अन्तरक्रिया, ७७ जिल्लामा सचेतना तथा अन्तरक्रिया, मिडियाकर्मीसँग छलफल तथा अन्तरक्रिय, प्रदेश समन्वय परिषद्को बैठक छलफल र नेपाल सरकारका विभिन्न आयोगहरु: राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, मुस्लिम आयोग, आदिवासी जनजाती आयोग, मधेशी आयोग, थारु आयोग र भाषा आयोगसँग छलफल गरेको थियो । त्यसैगरी बिभिन्न जातजाति, भाषा, धर्म, क्षेत्र, बर्ग, अपाङ्गता, बालबालिका तथा जेस्ठ नागरिक, लैंगिक तथा यौनिक अल्पसंख्यक लगायत नागरिक समाजका संघसंस्था तथा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया समेत गरेको थियो ।

यसै दौरानमा विभागले नमुना (पाइलट) जनगणना २०७७ साल आषाढ १५ मा सम्पन्न गरी यसका आधारमा केही प्रश्नावलीमा सुधार र परिमार्जन संमेत गरेको थियो ।

मिति: २०७७/५/१५

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग